बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्याः २०८२/८३
सूचना नं. : १४

बागमती प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना !!!

(पहिलो पटक प्रकाशितः २०८२/०४/२९)

**गाउँ कार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोकको** लागि तपसिलका पदमा कामकाज गर्न देहायका संख्या र योग्यता भएका तथा इच्छुक नेपाली नागरिकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालयमा राजश्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं | पदको नाम | संख्या | योग्यता | काम गर्नु पर्ने कार्यालय तथा निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ०४-२०८२/०८३ | खानेपानी तथा सरसफाई टेक्निसियन (सहायकस्तर चौथो) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरी सम्बन्धीत विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट TSLC उत्तीर्ण गरेको । | बलेफी गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गत | |
| ०५-२०८२/०८३ | मनोसामाजिक परामर्शदाता (सहायकस्तर पाँचौ) | १ (एक) | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिष्टेन्ट वा स्टाफ नर्स वा पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/Social Work/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह कोर्ष उत्तीर्ण भएको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>२. मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।<br>३. कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने । | बलेफी गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गत | |

**योग्यता तथा अन्य आवश्यकताः**

**१. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरूः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) शैक्षिक योग्ताको प्रमाणपत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो

(ग) आवश्यक अनुभवको प्रमाणित प्रतिलिपि (खानेपानी तथा सरसफाई टेक्निसियनको हकमा खानेपानी Technician भई बढी अनुभव प्राप्त उम्मेदवारलाई विशेष प्राथमिकता)

(घ) आवश्यक तालिमको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित परिषदमा दर्ता वा नवीकरण भएको प्रतिलिपी।(आवश्यक भएमा)

**२. उमेर हदः** १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

**३. प्रचलित कानूनद्वारा अयोग्य नभएको।**

**४. दरखास्त दिने स्थानः** गाउँ कार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक ।

**५. दरखास्त दस्तुरः** विज्ञापन नं ०४-२०८२/०८३ को हकमा रु. ४००। (चार सय रुपैयाँ मात्र) र विज्ञापन नं ०५-२०८२/०८३ को हकमा रू. ७००। (सात सय रुपैयाँ)

**६. दरखास्त दिने अन्तिम मितिः** २०८२/०५/१३ गते कार्यालय समय भित्र (दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयभित्र) ।

**७. छनौट किसिमः** बलेफी गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ।

**थप जानकारीका लागि ९८५१२४३६३७ वा ९८५११३६२४९ मा सम्पर्क गर्न सकिनेछ ।**

(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत